## अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७९/१०/२४

### भाग- २

### अन्नपूर्ण गाउँपालिका


# विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार एवं अन्नपुर्ण गाउँपालिका शिक्षा ऐन, २०७७ को दफा २० को उपदफा १० (छ) मा भएको व्यवस्था एवं अन्नपुर्ण गाउँपालिका शिक्षा ऐन, २०७७ को दफा ५० र ५१ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ जारी गरी लागू गरिएको छ।

**परिच्छेद-१**

प्रारम्भिक

१. क) संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम अन्नपूर्ण गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ रहेको छ।

ख) यो कार्यविधि अन्नपूर्ण गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संम्झनु पर्छ।

ख) "कार्यविधि" भन्नाले अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०७९ संम्झनु पर्दछ।

ग) ""गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिकालाई संम्झनु पर्छ।

घ) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँपालिका अध्यक्ष संम्झनु पर्छ।

ङ) "उपाध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष संम्झनु पर्छ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संम्झनु पर्छ।

छ) "शाखा" भन्नाले गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखालाई संम्झनु पर्दछ।

ज) "लेखापरीक्षण" भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षणलाई संम्झनु पर्छ।

झ ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानून बमोजिम प्रमाण –पत्र प्राप्त व्यक्ति / संस्था वा फर्मलाई जनाउँछ।

## परिच्छेद-२

### लेखापरीक्षण सम्बन्धी व्यवस्था

३. विद्यालयको अन्तिम लेखापरीक्षणका लागि गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम सूचिकृत भएका लेखा ब्यवसायी फर्ममध्येबाट सम्बन्धित विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित तिन आर्थिक बर्ष लगातार एउटै ब्यक्ति/फर्म/कम्पनी नपर्ने गरी कम्तिमा तीन जनाको नाम सिफारिस गरी तोकिएको समयावधि भित्र अन्नपूर्ण गाउँपालिकाका शिक्षा शाखामा पठाई सक्नु पर्दछ।

४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

क) लेखापरीक्षकको पेशागत प्रमाण-पत्र, नविकरण गरेको प्रमाण –पत्रको प्रतिलिपि।

ख) आन्तरीक राजश्व कार्यालयबाट कर दर्ता प्रमाण-पत्र

ग)  कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

घ)  स्वघोषणा पत्र।

५. विद्यालयको लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा, सिफारिसको ढाँचा, नियुक्तिको ढाँचा क्रमश अनुसूचि १, २ र ३ बमोजिम हुनेछ।

## परिच्छेद-३

लेखापरीक्षण छनौट समिति

६. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : शिक्षा शाखा प्रमुख

सदस्य-सचिव: आन्तरीक लेखापरीण शाखा प्रमुख वा प्रा.स. शिक्षा

७. दफा ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आर्थिक बर्ष शुरु भएको दुई महिना भित्र लेखापरीक्षणको लागि राष्ट्रिय स्तरको पत्रिकामा तीस (३०) दिनको र गाउँपालिकाको वेभ साइटमा, आसयपत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने।

ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवं सूचकहरु तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने

ग) प्रकरण (क) बमोजिम प्राप्त आशय पत्र उपर छानविन गर्ने।

घ) लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने।

ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने
।

च) सामुदायिक विद्यालयहरुको कम्तिमा चौमासिक रुपमा लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण गराउन सहजीकरण एवं निर्देशन दिने।

छ) विद्यालयहरुको एक आर्थिक बर्षमा कम्तिमा १ (एक) पटक स्थलगत अध्ययन गरी लेखा एवं लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने।

ज) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई आर्थिक बर्षका लागि भन्दा बढी नियुक्ति गर्न पाइने छैन।

झ) अन्नपूर्ण गाउँपालिकाले तोके बमोजिमका लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने।

ञ) सम्बन्धित विद्यालयबाट कम्तिमा तीन (३) जना लेखापरीक्षकको नाम सिफारिस गरी माग गर्ने।

ट) तोकिएको अवधि भित्र सम्बन्धित विद्यालयहरुबाट लेखापरीक्षकको नामावली सिफारिस भई नआएमा माथि उल्लेखित समितिले लेखापरीक्षक छनौट गरी गाउँ कार्यपालिकामा पेश गर्नेछ। लेखापरीक्षकको रुपमा छनौट हुन कम्तिमा कुनै एक विद्यालयबाट अनिवार्य रुपमा सिफारिस भएको हुनुपर्नेछ।

८. विद्यालयको कर्तव्यः

क) अन्नपूर्ण गाउँपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ
।

ख) अन्नपूर्ण गाउँपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा, उक्त विद्यालयको निकासा लगायतका अन्य सेवामा रोक लगाउन सक्नेछ।

ग) अनुसूची २ बमोजिमको ढाँचामा वि.ब्य.स. को निर्णयसहित लगातार तिन आर्थिक बर्ष एउटै लेखाब्यवसायी फर्म/कम्पनी नपर्ने गरी कम्तिमा तीन (३) जना लेखापरीक्षकको नाम गाउँपालिकामा सिफारिस गर्ने।

९. दफा ६ बमोजिम लेखापरीक्षण छनौट समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट अन्तिम लेखापरीक्षक नियुक्त हुने छन।

१०. सचिवालयः विद्यालयहरुको लेखापरीक्षण सम्बन्धि कार्य गर्न एवं दफा (६) वमोजिम गठित समितिको सचिवालयको रुपमा आन्तरीक लेखापरीक्षण शाखाले कार्य गर्नुपर्नेछ। तर आन्तरिक लेखापरीक्षण शाखाको ब्यवस्था नहुदाँ सम्म छनौट समितिको संयोजकको सिफारिसमा सोको कामकारवाही शिक्षा शाखाबाट गराउन सकिनेछ।

**परिच्छेद-४**

लेखापरीक्षकको पारिश्रमिक

११. लेखापरीक्षण शुल्क लेखापरीक्षण गरे बापत सम्बन्धित विद्यालयबाट देहाय बमोजिमको शुल्क दिनुपर्नेछ।

क) आय/व्यय विवरणमा स्थिर सम्पत्ति मुल्याङ्कन र मुद्दती खाताको रकम समावेश हुने छैन। लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक, आय/व्यय विवरणका आधारमा सयकडा ०/२२ (बाईस) पैसाका दरले प्रतिवेदन बुझाए पछि विद्यालयबाटै रकम भुक्तानी हुनेछ। उक्त पारिश्रमिक रकममा आय कर नियमानुसार कट्टी हुनेछ। विद्यालयहरुले गाउँपालिकाबाट तोकिएको रकम भन्दा बढी पारिश्रमिक दिन पाउने छैन।

ख) माथि उल्लेखित रकम भन्दा बढी माग विद्यालयबाट लेखापरीक्षकले दावी गर्न पाइने छैन्। नियमानुसार हुन आउने रकम भन्दा बढि माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त अन्नपूर्ण गाउँपालिकामा लिखित जानकारी गराउनु पर्नेछ।

ग) अन्नपूर्ण गाउँपालिकाले विशेष अवस्थामा लेखापरीक्षकको नियुक्ति रद्द गर्न सक्नेछ।

**परिच्छेद-५**

आन्तरीक लेखापरीक्षण

१२.प्रत्येक बर्ष अन्नपूर्ण गाउँपालिकाले नमूना छनौटका आधारमा कम्तिमा ८ (आठ) सामुदायिक विद्यालयको आन्तरीक लेखापरीक्षण गाउँपालिकाको आन्तरीक लेखापरीक्षण शाखाबाट सम्पादन गराउन सक्नेछ। सामान्यतया चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

१३. आन्तरीक लेखापरीक्षण बापतको पारिश्रमिक लिन/दिन पाइने छैन।

**परिच्छेद-६**

अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१४. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ। उक्त लेखापरीक्षण प्रतिवेदनउपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

**परिच्छेद-७**

वेरुजु र संम्परीक्षण

१५.आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि अन्नपूर्ण गाउँपालिकामा पेश गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

१६. बेरुजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्यौट गर्न बाँकी रहेको वेरुजु लगत तथा कारोवार सम्बन्धी कारवाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ । जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिई फछ्यौट गर्नु गराउनु पर्नेछ।

**अनुसूची (१)**

**लेखापरीक्षकले दिने निवेदनको ढाँचा**

मितिः२०७९/ /

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

अन्नपूर्ण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय पोखरेवगर म्याग्दी ।

विषय – विद्यालयको लेखापरीक्षणका लागि आशय-पत्र पेश गरिएको ।

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालय/ सामुदायिक सिकाई केन्द्रहरुको आ.व.................को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम आशय-पत्र माग गरिएकोमा, मेरो नाममा रहेको लेखापरीक्षण संस्थाबाट यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि आशयपत्र साथ तपशिल बमोजिमका लेखापरीक्षण सँग सम्बन्धित प्रमाण-पत्रहरुको संलग्न गरी पेश गरेको व्यहोरा श्रीमान समक्ष अनुरोध छ।

(लेखापरीक्षक)

तपशिल

१. पेशागत प्रमाण-पत्रको नविकरण सम्बन्धी प्रमाणित फोटोकपी - १

२. प्यान/ भ्याट दर्ताको फोटोकपी - १

३. चालू आ.व. भन्दा अगाडको कर चुक्ता प्रमाण-पत्र-१

४. नागरिकताको प्रतिलिपी -१

५. संस्थाको प्रोफाईल र स्वघोषणा पत्र - १/१

**अनुसूची-२**

**लेखापरीक्षक सिफारिसको ढाँचा**

अन्नपूर्ण गाउँपालिका

...................विद्यालय

पोखरेवगर म्याग्दी ।

पत्र संख्या-

च.नं.- मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

अन्नपूर्ण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय पोखरेवगर म्याग्दी ।

विषय – लेखापरीक्षकको नाम सिफारिस गरि पठाईएको ।

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति......................मा वसेको बैठकबाट यस आर्थिक वर्ष सम्मको अन्तिम लेखापरीक्षणका लागि तहाँ कार्यालयबाट प्रेसित सूचिकृत लेखापरीक्षकहरुको सूची मध्येबाट तपशिल बमोजिम ३ (तीन) जना लेखापरीक्षकहरुको नामावली सिफारिस गर्ने निर्णय भएको छ । सोही बमोजिमका नामावली मध्येबाट एक जना लेखा परीक्षक नियुक्त गरिदिनुहुन अनुरोध छ ।

तपशिल

| क्र.स. | नाम थर | प्र.प.नं. | मोबाईल नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

.............................

(प्रधानाध्यापक )

## अनुसूची -३

## लेखापरीक्षक नियुक्तिको ढाँचा

अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरेवगर म्याग्दी ।

प.सं.-

च.नं.- मितिः

श्री...................................

उपयुक्त विषयमा तपशिल बमोजिमको विद्यालयको आ.व.........सम्मको लेखापरीक्षण गर्न तपाईलाई यस कार्यालयको मिति..................... को निर्णयानुसार अन्नपूर्ण गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ बमोजिम लेखापरीक्षकमा नियूक्ति गरिएको छ । नियमानुसार लेखापरीक्षण गरी प्रतिवेदन १/१ प्रति यस कार्यालय र सम्बन्धित विद्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

अन्तिम लेखापरीक्षण गर्न तोकिएको विद्यालय

| सि.नं. | विद्यालयको नाम ठेगाना | सि.नं. | विद्यालयको नाम ठेगाना |
|---|---|---|---|
| १ | | २ | |

१. लेखा परीक्षण गर्दा पारदर्शि रुपले आर्थिक कारोवारमा संलग्न व्यक्ति र विद्यालय ब्यवस्थापन समितिको रोहवरमा विद्यालय परिषद मै उपस्थित भई गर्नु पर्दछ । लेखापरीक्षण गरि देखिएको बेरुजु उपर बि.व्य.स., शि.अ.सं. तथा सरोकारवालाहरु बिच छलफल गराएर मात्र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. विद्यालयको लेखापरीक्षण गर्दा सरकारी अनुदान तथा विद्यालयको आन्तरीक श्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी पेश गर्नु पर्नेछ ।

३. विद्यालयको अद्यावधिक भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्टरुपमा खुलाउनु पर्नेछ ।

४. आम्दानी र खर्च प्रचलित ऐन नियम अनुसार भए / नभएको हेर्नुपर्नेछ ।

५. लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षक नियुक्ति भएको मितिले ३० (तिस) दिन भित्र पेश गरी सक्नुपर्नेछ ।

६. आय / व्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कनको रकम र मुद्दती खाताको रकम समावेश हुने छैन । लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक आय / व्यय विवरणका आधारमा सयकडा ०/२२ पैसाका दरले प्रतिवेदन बुझाए पछि विद्यालयबाटै रकम भुक्तानी हुनेछ ।

७. लेखापरीक्षण गर्दा विद्यालयले घर भाडा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरे/ नगरेको, कर योग्य आय भएका शिक्षकहरुको कर कट्टी गरे / नगरेको, तलब भुक्तानी गर्दा (१ प्रतिशत) सामाजिक सुरक्षा कर कट्टी गरे/ नगरेको, स्थायी

शिक्षकहरुको क.सं. कोष, ना.ल.कोष, सावधिक जीवन विमा बापतको रकम कट्टी गरी ती रकमहरु समयमै सम्बन्धित खातामा दाखिला गरे / नगरेको विवरण पेश गर्नुपर्नेछ।

८. कार्यालयबाट छात्रवृत्ति, दिवाखाजा र पाठ्यपुस्तकमा निकासा भएको रकम विद्यार्थीलाई वितरण गरे /नगरेको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

९. भौतिक निर्माण तर्फ र विभिन्न सशर्त शिर्षकमा निकाशा भएको रकम सम्बन्धित शिर्षकमा खर्च भए / नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

१०. बिद्यालयमा गत बिगत देखिएको बेरुजु लगत राखेको र बेरुजु फछ्यौटको कार्वाही भए नभएको कुरा प्रतिवेदनमा उल्लेख हुनुपर्दछ।

११. उपरोक्त लेखिए बाहेकका अन्य कुराहरु स्थानीय शिक्षा ऐन २०७७ तथा मौजुदा शिक्षा नियमावली,२०५९ अनुसार गर्ने / गराउने र सोही बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ। भ्याटमा दर्ता नभएका लेखापरीक्षकहरुको पारिश्रमिक रकम भुक्तानी गर्दा १५ प्रतिशतले हुने रकम अग्रिम आयकर वापत कट्टा गरी भुक्तानी हुनेछ, तर भ्याटमा दर्ता भएका लेखापरीक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा १.५ प्रतिशत पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनुपर्नेछ।

१२. तोकिएको समयमा प्रतिवेदन कार्यालयमा प्राप्त नभएका अर्को लेखापरीक्षक पठाई लेखापरीक्षण कार्य सम्पादन गराइनेछ।

१३. लेखापरीक्षण गर्दा प्रचलित लेखापरीक्षण मापदण्डहरु लेखापरीक्षण ऐन २०४८ तथा नेपाल चार्टड एकाउण्टेणट्स संस्थाबाट जारी भएको विद्यालयको लेखापरीक्षण निर्देशिकालाई समेतलाई अवलम्बन गर्नु पर्नेछ।

**बोधार्थ**

श्री.....................विद्यालय.. उपर्युक्त अनुसार त्यस विद्यालयको आ.ब. २०.... /......... सम्मको लेखापरीक्षण सम्पन्न गराई सोको जानकारी यस कार्यालयलाई समेत गराउनु हुन एंव नियमानुसार कर कट्टी गरि लेखापरीक्षकको पारिश्रमिक त्यसै विद्यलायबाट भुक्तानी दिनुहुन अनुरोध छ।

.....................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७९/१०/२३

राजपत्रमा प्रकाशित मितिः २०७९/१०/२४

आज्ञाले,

सुरण प्रसाद शर्मा पौडेल

प्रमुख प्रशासकीय अधिकृत